नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं:- १५४३

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मिति : २०७७/०२/३२

विषय : सरकारी कार्यालय दुई सिफटमा संचालन गर्ने सम्वन्धी सूचना !!

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०२/२८ को निर्णयानुसार मिति २०७७/०३/०१ गते बाट सरकारी कार्यालयहरु बिहान ८:०० बजे देखि साँझ ६:०० बजे सम्म संचालन गर्ने सम्वन्धमा नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७७/०२/३२ मा भएको निर्णय यसै साथ संलग्न छ । उक्त निर्णयानुसार कार्यालय संचालन गर्ने गराउने व्यवस्था गर्नुहुन सम्वन्धित सबै कार्यालयहरुमा अनुरोध छ ।

०७७/०२/३२
कृष्णबहादुर राउत
शा.अ.

<u>नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७-२-२८ को निर्णय अनुसार मिति २०७७ असार १ गतेवाट सरकारी कार्यालयहरु दुई सिफ्टमा संचालन गर्ने व्यवस्था</u>

१. मिति २०७७ असार १ गतेदेखि सवै सरकारी कार्यालयहरु विहान ८ बजेदेखि सांझ ६ बजेसम्म दुई सिफ्टमा संचालन गर्दा जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आवश्यक प्रोटोकल बनाई लागू गर्ने व्यवस्था सम्वन्धित कार्यालयले मिलाउने।

२. सवारी साधनको उपलब्धता र प्रयोग समेतका आधारमा तथा कार्यालय आगमनको दुरी समेतलाई विश्लेषण गरी कार्यालय प्रमुखले कार्यालयवाट प्रवाह हुने सेवा दुई सिफ्टमा संचालन गर्ने व्यवस्था मिलाउने ।

३. कार्यालय प्रमुखले कर्मचारी कार्यकक्षमा रहँदा पालना गर्नुपर्ने भौतिक तथा सामाजिक दुरीका साथै जनस्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड तथा प्रोटोकल पालना गर्ने गराउने।

४. कार्यालय प्रमुखले कार्यालयमा आउने सेवाग्राहीले पालना गर्नुपर्ने स्वास्थ्य सम्वन्धी प्रोटोकल कार्यालयको प्रवेश विन्दुमा सबैले स्पष्ट देखे र बुझ्ने भाषामा राखे व्यवस्था मिलाउने ।

५. कर्मचारीकालागि कार्यालयमा रहँदा आवश्यक पर्ने न्यूनतम स्वास्थ्य सामाग्री (मास्क, सेनिटाईजर, थर्मल गन आदि) कार्यालयले व्यवस्था मिलाउने ।

६. कार्यालय हाता भित्र हात धुने व्यवस्था मिलाई कार्यालयको नियमित सरसफाई, शौचालयको पूर्ण सरसफाई लगायतका व्यवस्था गर्ने ।

७. कार्यालयवाट प्रवाह गरिने सेवामा सूचना प्रविधिको प्रयोगलाई अधिकतम उपयोग गर्ने, कार्यालयको वेभ साईट अध्यावधिक गर्ने र SMS, ईमेल आदिको माध्यमवाट कार्यालयवाट प्रवाह गरिने सेवाको जानकारी संप्रेषण गर्ने ।

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

८. कार्यालयको सोधपुछ कक्षलाई व्यवस्थित गर्ने एवं फोन, इमेल र SMS बाट उपलब्ध गराउन सकिने, जिज्ञासा वा सेवाका लागि सेवाग्राही कार्यालयमै आउनु पर्ने बाध्यतालाई कम गर्ने व्यवस्था मिलाउने।

९. कार्यालयवाट प्रवाह गरिने सेवालाई सामाजिक दुरी कायम राखे गरी प्रवाह गर्ने व्यवस्था मिलाउने, आवश्यकता अनुसार टोकन प्रणाली समेतको उपयोग गर्ने ।

१०. नगदमा गरिने कारोबार जस्तै राजश्व बैंक मार्फत गर्ने व्यवस्था मिलाउने।

११. अधिक चाप हुने कार्यालयमा सेवाग्राहीको भिडभाडलाई व्यवस्थापन गरी कार्यालय सन्चालन गर्ने ।सेवा प्रवाह गर्दा कार्यालय प्रमुखले आवश्यकता अनुसार सेवाग्राहीको कोटा निर्धारण गर्न सक्ने ।

१२. उल्लेखित व्यवस्था कार्यान्वयन गर्न आवश्यक समन्वय, सहजीकरण, सहयोग एवं अनुगमन स्थानीय स्तरमा प्रमुख जिल्ला अधिकारीले र केन्द्रिय स्तरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने साथै सम्बन्धित मन्त्रालयहरुले यस सम्बन्धी व्यवस्था कार्यान्वयन सम्बन्धमा मातहतका निकायहरुलाई आवश्यक निर्देशन गर्ने ।

१३. माथि उल्लेखित व्यवस्था कार्यान्वयनका सम्वन्धमा कार्यालय प्रमुखले स्थानीय आवश्यकता समेतको आधारमा आफ्नो तालुक निकायसंग समन्वय गरी आवश्यक प्रबन्ध गर्न सक्नेछ।